सम्पर्क : ०९९-४१३१२१, ०९९-४१३१२२

# बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेदकोट, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, कञ्चनपुर

प.स.०७६।०७७
च.न. 2325

मितिः २०७७।०३।३०

वडा कार्यालय १० वटै,
बेदकोटनगरपालिका, कञ्चनपुर।

बिषय – नवीकरण गर्ने सम्बन्धमा ।

उपरोक्त विषय सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिहदरवार काठमाण्डौको च.न. १७१९ मिति २०७७।०३।१५ को पत्रानुसार सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुले आगामी आर्थिक बर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक बर्षको साउन १ देखि पुस मसान्त भित्र नाम नवीकरणको लागि निवेदन दिनु पर्ने व्यवस्था रहेकोमा हाल सामाजिक सुरक्षा नियमावली २०७६ लागु भईसकेपछि नियमावलीको नियम ९ अनुरुप आमामी आर्थिक बर्ष२०७७।२०७८ मा सामाजिक सुरक्षा भत्ता पाउनका लागि साउन मसान्तभित्र नाम नवीकरण गरिसक्नुपर्ने व्यवस्था गरेकोले अर्को व्यवस्था वा निर्देशन प्राप्त नहुञ्जेलसम्मका लागि ६० बर्ष मुनिका विधुवा एकल महिला, ख बर्गका अपाङ्गता भएका व्यक्तिका हकमा वाहेक साउन १५ गतेभित्र यस कार्यालयलाई जानकारी दिनहुन साथै विभागको पत्रको प्रतिलिपिं यसै पत्रसाथ सलग्न राखी कार्यान्वयनका लागि पठाएको जानकारी गराईन्छ ।

3।३१

धर्मराज जोशी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

E-Mail : bedkot122municipality@gmail.com
Website : www.bedkotmun.gov.np

टेलिफोन: ४२११५६१, ४२६४६६८
४२६२०५६, ४२००८९५
फ्याक्स: ४२०००५८

नेपाल सरकार

## गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

संख्या:- ०७६/०७७
पत्र संख्या र मिति:-
नं.:- ९७९१

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

२०७७/३/१५

विषय: जानकारी सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुरूप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि पौष मसान्तभित्र नाम नवीकरणकोलागि निवेदन दिनुपर्ने व्यवस्था रहेकोमा हाल सामाजिक सुरक्षा नियमावली,२०७६ लागू भईसकेपछी नियमावलीको नियम ९ अनुरूप प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको छ। सो परिवर्तित व्यवस्था अनुरूप श्रावण मसान्तभित्र नाम नवीकरण गर्नकोलागि सम्वन्धित सबै लाभग्राहीहरुमा सूचना तथा जानकारी र प्रचार प्रसार गर्नु गराउनुहुन जानकारीकालागि अनुरोध छ।

साबित्रा बस्नेत
शाखा अधिकृत